# श्री विशेष अदालत, बबरमहल, काठमाडौं

## सवारी साधन लिलाम बिक्री गर्न सिलबन्दी बोलपत्र आह्वान

**पहिलो पटक प्रकाशित सूचनाः- मिति २०७७।०८।२३**

उपर्युक्त सम्बन्धमा विभिन्न मितिमा मुद्दामा दशीस्वरुप दाखिला हुन आई यस अदालतको जिन्सीमा आम्दानी बाँधिएका भ्यान र मोटरसाईकलहरु गरी जम्मा थान ७(सात) जे जस्तो अवस्थामा छन् सोही अवस्थामा विशेष अदालत ऐन, २०५९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी जिल्ला अदालत नियमावली, २०७५ को नियम ९२ तथा आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम सिलबन्दी बोलपत्रद्वारा एकमुष्ट लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति तथा फर्महरुबाट देहायबमोजिमका सर्तहरुको अधिनमा रही गोप्य सिलबन्दी बोलपत्र आह्वान गरिएको बेहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

१) बोलपत्र फाराम रु.३००।- (फिर्ता नहुने) तिरी सूचना प्रकाशन भएको मितिले १५(पन्ध्र) दिनभित्र कार्यालय समयमा यस अदालतको जिन्सी शाखाबाट खरिद गर्न सकिनेछ। बोलपत्र खरिद गर्दा व्यक्ति भए रु.१० को टिकट टाँस गरी बोलपत्र निवेदनसाथ नेपाली नागरिकताको प्रमाणपत्र संलग्न गर्नुपर्नेछ र कुनै फर्म वा संस्था भए नविकरण सहितको फर्म वा संस्था दर्ताको प्रमाणपत्र र आ.व. २०७६/७७ सम्मको कर चुक्ताको प्रमाणपत्र लगायतका कागजातहरुको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ।

२) बोलपत्रसाथ आफुले कबुल गरेको अंकको १० प्रतिशतले हुने रकमको नेपाल सरकारबाट मान्यताप्राप्त वाणिज्य बैंकबाट यस अदालतको नाममा जारी गरिएको जमानत वा कोष तथा लेखा नियन्त्रक कार्यालय (समन्वय) बबरमहलको नाममा नेपाल राष्ट्र बैंकमा रहेको धरौटी खाता नम्बर १२०-१२००-००१-००२-५२४, कार्यालय कोड नं. २७-२०४-०७ मा नगदै जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ।

३) बोलपत्रमा आफूले कबुल गरेको रकम एकमुष्ठ रुपमा अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ।

४) कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुनेछैन

५) बोलपत्रदाताले प्रथम सूचना प्रकाशित भएको मितिले १६औं (सोहौं) दिनको १२ बजेभित्र सिलबन्दी बोलपत्र यस अदालतको जिन्सी शाखामा दर्ता गराईसक्नुपर्नेछ।

६) दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरु दर्ता भएकै दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस अदालतमा खोलिनेछ। निर्धारित समयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस अदालतमा निहित रहनेछ।

७) बोलपत्र स्वीकृत भई सूचना पाएको मितिले ७(सात) दिनभित्र आफूले कबुल गरेको मुल्य अदालतले तोकेबमोजिम बुझाई सो बुझाएको ७(सात) दिनभित्र सवारीसाधनहरु उठाई लैजानुपर्नेछ।

८) मर्मत गरी सञ्चालन गर्न सकिने मोटरसाईकल थान-१(एक) प्रचलित ऐन नियम अनुसार दर्ता गर्ने गराउने कार्य लिलाम सकार गर्नेले नै गर्नुपर्नेछ र दर्ता नामसारी लगायतका जे जो गर्नुपर्ने प्रक्रिया र सो सम्बन्धी लाग्ने दस्तुर लिलाम सकार गर्ने स्वयंले बेहोर्नुपर्नेछ। अन्य सवारीसाधनहरु कवाडको रुपमा उठाउनुपर्नेछ।

१०) लिलाम हुने सवारी साधनहरु हेर्न चाहेमा यस अदालतको जिन्सी/प्रशासन शाखामा सम्पर्क गरी अवलोकन गर्न सकिनेछ।

११) यस अदालतबाट उपलब्ध गराईएको बोलपत्र फाराम मात्र प्रयोग गर्न पाईनेछ। एउटाको नाममा खरिद गरेको बोलपत्र फाराम अर्को नामबाट पेश गर्न पाइने छैन।

१२) अन्य कुराहरु सम्बन्धित प्रचलित कानुनअनुसार हुनेछ। लिलाम हुने सवारी साधनहरुको विवरण देहायनुसार रहेको छ। उक्त सवारी साधनहरुको एकमुष्ट न्यूनतम मूल्याङ्कन रु.५७,२००।- (भ्याट सहित) रहेको छ।

विशेष अदालत
काठमाडौं
२०५९